# पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२

लालमोहर र प्रकाशन मिति
२०२२।५।१४

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. पेटेण्ट, डिजायन र ट्रेडमार्क (पहिलो संशोधन) ऐन, २०४४ | २०४४।७।१ |
| २. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |

२०२२ सालको ऐन नं. १५

**स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अतितेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद अतिकीर्तिमय नेपाल श्रीपद प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र विर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।**

पेटेण्ट डिजायन र ट्रेडमार्कको दर्ता गर्न व्यवस्था गर्न वनेको ऐन

प्रस्तावना : सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हितको निमित्त पेटेण्ट डिजायन र ट्रेडमार्कका सम्वन्धमा समयोचित कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र विर विक्रम शाहदेववाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाईवक्सेकोछ ।



परिच्छेद - १

प्रारम्भिक कथन

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम “पेटेण्ट डिजायन र ट्रेडमार्क ऐन, २०२२” रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्य भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) “पेटेण्ट” भन्नाले कुनै पदार्थ वा पदार्थ समूहको बनावट, सञ्चालन वा प्रसारको नयाँ उपाय वा तरीका सम्वन्धी वा कुनै नयाँ सिद्धान्त वा फर्मुलाद्धारा पत्ता लगाईएको कुनै उपयोगी आविष्कार सम्झनु पर्छ ।

(ख) “डिजायन” भन्नाले कुनै प्रकारले तयार गरी बनाईएको वस्तुको छाँट रुप वा आकार सम्झनु पर्छ ।

▼(ग) “ट्रेडमार्क” भन्नाले कुनै फर्म, कम्पनी वा व्यक्तिले आफ्नो उत्पादित मालसामान वा आफूले प्रदान गर्ने सेवालाई अरुको मालसामान वा सेवाबाट फरक देखाउन प्रयोग गरिने शब्द, चिन्ह वा चित्र वा शब्द, चिन्ह र चित्र तिनै कुराको संयोग सम्झनु पर्छ ।

(घ) “विभाग” भन्नाले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको विभाग सम्झनु पर्छ र त्यस्तो नतोकिएसम्म उद्योग विभागलाई सम्झनु पर्छ ।

---

▼ पहिलो संशोधनद्वारा संशोधित ।

(ङ) “अनुसूची” भन्नाले यस ऐनको अनुसूची सम्झनु पर्छ ।

※(च) “तोकिएको” वा “तोकिएबमोजिमको” भन्नाले यो ऐन अन्तर्गतको नियम वा आदेशमा तोकिएको वा तोकिएबमोजिमको सम्झनु पर्छ ।

## परिच्छेद - २

## पेटेण्ट

३. पेटेण्ट उपर अधिकार प्राप्त गर्ने : (१) कुनै पेटेण्ट उपर अधिकार प्राप्त गर्न चाहने व्यक्तिले सो पेटेण्ट यस ऐनबमोजिम आफ्नो नाममा दर्ता गराउनु पर्छ ।

(२) यस ऐनबमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको पेटेण्ट दफा ८ मा लेखिएको अवधिसम्म अरु कसैले नक्कल गर्न वा निजको लिखित मञ्जूरी नलिई आफ्नो वा अरुको नामबाट चलाउन वा उपयोग गर्न हुँदैन ।

(३) यस ऐनबमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको पेटेण्ट निजले चल सम्पत्ति सरह अरु कुनै व्यक्तिलाई कुनै किसिमले हस्तान्तरण गरी दिन हुन्छ ।

तर, त्यस्तो हस्तान्तरणबाट सो पेटेण्ट उपर अधिकार पाउने व्यक्तिले सो पेटेण्टका सम्बन्धमा विभागमा रहेको दर्ता किताबमा दफा ९ बमोजिम दाखिल खारेज नगराई कुनै किसिमले पेटेण्टवाला बाहेक अरुको वा आफ्नो नामबाट चलाउन वा उपयोग गर्न हुँदैन ।

४. पेटेण्ट उपर अधिकार प्राप्त गर्न दरखास्त दिनु पर्ने : (१) कुनै पेटेण्ट आफ्नो नाममा दर्ता गराउन चाहने व्यक्तिले आफ्नो भएसम्मको सबूद

※ पहिलो संशोधनद्वारा थप ।



प्रमाण सहित निम्नलिखित कुराहरु खुलाई अनुसूची-१ (क) बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्छ :-

(क) सो पेटेण्ट आविष्कार गर्ने व्यक्तिको नाम, ठेगाना र पेशा,

(ख) दरखास्तवाला आफैले सो पेटेण्ट आविष्कार गरेको नभएमा सो आविष्कार गर्ने व्यक्तिबाट दरखास्तवालाले के कुन किसिमबाट कस्तो हक प्राप्त गरेको हो,

(ग) सो पेटेण्ट बनाउने सञ्चालन वा उपयोग गर्ने तरीका,

(घ) सो पेटेण्ट कुनै खास सिद्धान्त वा फर्मुलामा आधारित भए सो सिद्धान्त वा फर्मुला ।

(२) उपदफा (१) बमोजिमको दरखास्तका साथ दरखास्तवालाले सो पेटेण्टको ※विवरण सहितको नक्सा तथा रेखाङ्कन र अनुसूची-३ (१) को (क) मा तोकिएको दरखास्त दस्तुर समेत दाखिल गर्नुपर्छ ।

५. विभागबाट जाँचबुझ : (१) दफा ४ बमोजिमको दरखास्त दाखिल भएपछि विभागले आवश्यक देखेमा विशेषज्ञहरुको सल्लाह समेत लिई दरखास्तमा लेखिएको पेटेण्ट नयाँ आविष्कार भएको हो होइन र सर्वसाधारणलाई उपयोगी छ छैन भन्ने कुराको जाँचबुझ र अध्ययन गरी सो पेटेण्ट दर्ता गर्न हुने वा नहुने कुराको यकीन गर्नेछ ।

(२) दफा ६ बमोजिम कुनै पेटेण्ट दर्ता गर्न नहुने देखेमा विभागले दरखास्तवालालाई निजको दरखास्त बमोजिम पेटेण्ट दर्ता हुन नसक्ने कुराको सूचना दिनुपर्छ ।

※ पहिलो संशोधनद्वारा संशोधित ।

(३) [*] ……………………

६. पेटेण्ट दर्ता हुन नसक्ने : (१) देहायका अवस्थामा विभागले यस ऐनबमोजिम पेटेण्ट दर्ता गर्न हुँदैन :-

(क) पहिले नै अरु कसैको नाममा दर्ता भइसकेको रहेछ, वा

(ख) दरखास्तवालाले दर्ता गराउन चाहेको पेटेण्ट आफैले आविष्कार नगरेको र आविष्कार गर्ने व्यक्तिबाट हक पनि प्राप्त नगरेको रहेछ, वा

(ग) दर्ता गराउन चाहेको पेटेण्टबाट सर्वसाधारण जनताको स्वास्थ्य, सदाचार वा नैतिकता वा राष्ट्रिय हितमा कुनै प्रतिकूल असर पर्ने रहेछ, वा

(घ) कुनै प्रचलित नेपाल कानूनको बर्खिलाप हुने रहेछ भने ।

तर खण्ड (क) मा लेखिएको कुनै कुराले दफा ९ बमोजिम पेटेण्टको दर्ता दाखिल खारिज गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) मा लेखिएको अवस्थामा विभागले दर्ता भइसकेको कुनै पेटेण्टको दर्ता बदर गर्न सक्नेछ ।

तर सो बमोजिम कुनै पेटेण्टको दर्ता बदर गर्नु भन्दा अगावै पेटेण्टवालालाई सो पेटेण्टको दर्ता बदर हुन नपर्ने कुनै कारण भए देखाउन मनासिव माफिकको मौका दिनुपर्छ ।

[*] पहिलो संशोधनद्वारा झिकिएको ।



७. पेटेण्टको दर्ता : (१) दफा ६ बमोजिम दर्ता गर्न नहुने अवस्थामा बाहेक पेटेण्ट दर्ता गराउन दफा ४ बमोजिम दरखास्त दाखिल भएपछि विभागले दफा ५ बमोजिम आवश्यक जाँचबुझगरी दरखास्तवालाई अनुसूची-२ (क) बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राप्त गर्नको निमित्त दरखास्तवालाले विभागलाई अनुसूची-३ (१) को (ख) मा तोकिएबमोजिमको दर्ता दस्तुर बुझाउनु पर्छ ।

[•]७क. दर्ता भएको पेटेण्ट प्रकाशन गर्ने : (१) यस ऐनबमोजिम दर्ता भएको पेटेण्टमध्ये राष्ट्रिय हितको लागि गोप्य राख्नु पर्ने बाहेक अन्य पेटेण्टहरु विभागले सर्वसाधारणको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित पेटेण्टको विवरण, नक्सा वा रेखाङ्कन कसैले हेर्न वा त्यसको नक्कल लिन चाहेमा विभागबाट तोकिएको दस्तुर बुझाई त्यस्तो पेटेण्ट हेर्न वा त्यसको नक्कल लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पेटेण्ट हेरेको वा त्यसको नक्कल लिएको मितिले पैतीस दिनभित्र त्यस्तो पेटेण्ट उपर कसैले कुनै विरोध भएमा विभागमा उजूर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम उजूर पर्न आएमा विभागले जाँचबुझ गरी आवश्यक कारवाही गर्नुपर्नेछ ।

[▼]८. पेटेण्टको अवधि : (१) दफा २३ख बमोजिम नवीकरण गराएको अवस्थामा बाहेक दफा ७ बमोजिम दर्ता भएको पेटेण्टमा दर्ता भएको मितिले सातवर्षसम्म मात्र पेटेण्टवालाको हक कायम हुनेछ ।

[•] पहिलो संशोधनद्वारा थप ।
[▼] पहिलो संशोधनद्वारा संशोधित ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुभन्दा अघि दर्ता भएको पेटेण्टको अवधिको हकमा सो पेटेण्ट दर्ता हुँदाका बखत कायम रहेको व्यवस्था बमोजिम नै अवधि कायम हुनेछ । सो अवधि भुक्तान भएपछि दफा २३ख बमोजिम नवीकरण गराउनु पर्नेछ ।

९. पेटेण्टको दर्तावालाको नाम दाखिल खारिज : (१) कुनै पेटेण्टवालाले आफ्नो नाममा दर्ता भएको कुनै पेटेण्ट उपर आफ्नो हक छाडी अरु कसैलाई हस्तान्तर गरेमा सो पेटेण्ट हस्तान्तर गराई लिने व्यक्तिले पेटेण्टको दर्ता किताबबाट सो पेटेण्टवालाको नाम खारिज गरी आफ्नो नाममा सो पेटेण्ट दर्ता गराउन विभागमा दरखास्त दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिम कसैको दरखास्त परेमा विभागले दर्ता किताबमा नाम दर्ता रहेको पेटेण्टवालालाई दरखास्त बमोजिम नाम दाखिल खारिज गर्ने कुरामा कुनै आपत्ति भए पन्ध्र दिन भित्र विभागमा उजूर गर्नु भनी सूचना दिनु पर्छ र सो म्यादभित्र निजको कुनै उजूर परी हक बेहक गर्नु पर्ने देखिएमा अदालतबाट हक बेहक गराई आएमा कारवाई गर्ने गरी सो दाखिल खारिजको कारवाई मुलतबी गरी दिन र सो म्यादभित्र कुनै उजूर नपरेमा दरखास्त बमोजिम नाम दाखिल खारिज गरी दिनुपर्छ ।

(३) यस दफा बमोजिम नाम दाखिल खारिज गराउन चाहने दरखास्तवालाले आफ्नो दरखास्तका साथै दाखिल खारिज दस्तूर बापत +तोकिएबमोजिमको रुपैंया विभागमा बुझाउनु पर्छ ।

१०. पेटेण्टको नक्सा वा नमूना सरकारी म्यूजियममा दाखिल गर्ने : यस ऐनबमोजिम दर्ता भएको पेटेण्ट अनुसार हुने वस्तुको एक प्रति नक्सा वा नमूना पेटेण्टवालाले +राष्ट्रिय अभिलेखालय समेतलाई दिनु पर्छ ।

+ पहिलो संशोधनद्वारा संशोधित ।



११. दफा ३ को उल्लंघन गरेमा हुने सजाय : कसैले दफा ३ को उपदफा (२) मा वा उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांँशमा लेखिएको कुनै कुराको उल्लंघन गरी कुनै काम गरेमा वा गर्ने उद्योग गरेमा वा सो गर्ने दुरुत्साहन दिएमा निजलाई विभागको आदेशले +दुई हजार रुपैंयासम्म जरिवाना हुन सक्नेछ र सो कसूरसंग सम्बन्धित सबै चिज वस्तु जफत हुनेछ ।

## परिच्छेद-३
## डिजायन

१२. डिजायनमा हक प्राप्त गर्ने : (१) कसैले आफूले बनाएको वा बनाउन लगाएको कुनै वस्तुको डिजायन दफा १४ बमोजिम विभागमा दर्ता गराई सो डिजायन उपर यस ऐनबमोजिमको हक प्राप्त गर्न सक्नेछ ।

(२) दफा १४ बमोजिम कुनै व्यक्तिका नाममा दर्ता भएको कुनै डिजायन सो व्यक्तिको लिखित मञ्जुरी बिना कसैले उपयोग गरी वा सर्वसाधारणलाई झुक्याउन सकिने किसिमबाट त्यस्तो डिजायनको नक्कल गरी कुनै चिज वस्तु बनाउन हुँदैन ।

१३. डिजायनको दर्ताको निमित्त दरखास्त : (१) आफूले बनाएको वा बनाउन लाएको कुनै चिज दफा १४ बमोजिम दर्ता गराउन चाहने व्यक्तिले सो डिजायनको ❁विवरण सहितको नक्शा तथा रेखाङ्कन र चार प्रति नमूना सहित अनुसूची-१ (ख) बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनुपर्छ ।

+ पहिलो संशोधनद्वारा संशोधित ।
+ पहिलो संशोधनद्वारा संशोधित ।
❁ पहिलो संशोधनद्वारा थप ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्तिले आफ्नो दरखास्तको साथै अनुसूची-३ (२) को (क) मा तोकिएबमोजिमको दरखास्त दस्तुर विभागमा बुझाउनु पर्छ ।

१४. डिजायनको दर्ता : (१) दफा १३ बमोजिम कसैको दरखास्त परेमा विभागले सो डिजायन दरखास्तवालाको नाममा दर्ता गरी अनुसूची-२ (ख) बमोजिमको प्रमाणपत्र दिनुपर्छ ।

तर, त्यस्तो डिजायनबाट कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठामा धक्का पुग्ने वा सर्वसाधारण जनताको सदाचार वा नैतिकतामा नराम्रो प्रभाव पर्ने वा राष्ट्रिय हितको प्रतिकूल हुने रहेछ वा सो डिजायन अघि नै अरु कसैको नाममा दर्ता भैसकेको रहेछ भने यस उपदफा बमोजिम दर्ता गरिने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राप्त गर्नको निमित्त दरखास्तवालाले अनुसूची-३ (२) को (ख) मा तोकिएबमोजिमको डिजायनको दर्ता दस्तुर विभागमा दाखिल गर्नुपर्छ ।

(३) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुनै अवस्था छ भन्ने लागेमा विभागले कुनै डिजायनको दर्ता बदर गर्न सक्नेछ ।

तर, सो बमोजिम कुनै डिजायनको दर्ता बदर गर्नुभन्दा अगावै विभागले सो डिजायनवालालाई सो डिजायनको दर्ता बदर हुनु नपर्ने कुनै कारण भए देखाउन मनासिब माफिकको मौका दिनुपर्छ ।

❁१४क. डिजायनको अवधि : दफा २३ख बमोजिम नवीकरण गराएको अवस्थामा बाहेक दफा १४ बमोजिम दर्ता भएको डिजायनमा दर्ता भएको मितिले पाँच वर्षसम्म डिजायनबालाको हक कायम हुनेछ ।

❁ पहिलो संशोधनद्वारा थप ।



१५. दफा १२ उल्लंघन गर्ने व्यक्तिलाई हुने सजाय : कसैले दफा १२ को उपदफा (२) उल्लंघन गरेमा वा दफा १४ को उपदफा (३) बमोजिम विभागले बदर गरेको डिजायन चलाएमा विभागको आदेशले ⊕आठ सय रुपैंयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसँग सम्बन्धित सबै चिज वस्तु जफत हुनेछ ।

## परिच्छेद-४
## ट्रेडमार्क

१६. ट्रेडमार्कमा हक प्राप्त गर्ने : (१) कसैले आफ्नो बन्द व्यापार वा कारोबारको ट्रेडमार्क दफा १८ बमोजिम विभागमा दर्ता गराई सो ट्रेडमार्क उपर यस ऐनबमोजिमको हक प्राप्त गर्न सक्नेछ ।

(२) दफा १८ बमोजिम कुनै व्यक्तिको नाममा दर्ता भएको ट्रेडमार्क सो व्यक्तिको लिखित मञ्जुरी बिना कसैले आफ्नो उपयोगमा ल्याउन वा सर्वसाधारण जनतालाई झुक्याउन सकिने किसिमबाट त्यसको नक्कल गरी ट्रेडमार्क चलाउन हुँदैन ।

१७. ट्रेडमार्कको दर्ताको निमित्त दरखास्त : (१) आफ्नो बन्द व्यापार वा कारोबारको ट्रेडमार्क दफा १८ बमोजिम दर्ता गराउन चाहने व्यक्तिले सो ट्रेडमार्कको ४ प्रति नमूना सहित अनुसूची-१ (ग) बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्तिले आफ्नो दरखास्तका साथै अनुसूची-३ (३) को (क) मा तोकिएबमोजिमको दरखास्त दस्तुर विभागमा बुझाउनु पर्छ ।

⊕ पहिलो संशोधनद्वारा संशोधित ।

१८. ट्रेडमार्कको दर्ता : (१) दफा १७ बमोजिम ट्रेडमार्कको दर्ताको निमित्त कसैको दरखास्त परेमो सो ट्रेडमार्क दरखास्तवालाको नाममा दर्ता गरी अनुसूची-२ (ग) बमोजिमको प्रमाणपत्र दिनुपर्छ ।

तर, त्यस्तो ट्रेडमार्कबाट कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठामा धक्का पर्ने वा सर्वसाधारण जनताको सदाचार वा नैतिकता वा राष्ट्रिय हितमा नराम्रो असर पर्ने वा अरु कसैको ट्रेडमार्कको ख्यातिमा धक्का पर्ने सम्भावना छ भन्ने लागेमा वा सो ट्रेडमार्क पहिले अरु कसैको नाममा दर्ता भैसकेको देखिएमा सो ट्रेडमार्क दर्ता गरिने छैन ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राप्त गर्नको निमित्त ट्रेडमार्कको दर्ता दस्तुर बापत दरखास्तवालाले अनुसूची-३ (३) को (ख) मा तोकिएबमोजिमको दर्ता दस्तुर विभागमा बुझाउनु पर्छ ।

(३) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांँशमा लेखिएको कुनै अवस्था छ भन्ने लागेमा विभागले दर्ता भएको कुनै ट्रेडमार्कको दर्ता बदर गर्न सक्नेछ ।

तर, सो बमोजिम कुनै ट्रेडमार्क बदर गर्नु भन्दा अगावै विभागले सो ट्रेडमार्कवालालाई सो ट्रेडमार्क बदर हुनु नपर्ने कुनै कारण भए देखाउन मनासिव माफिकको मौका दिनु पर्छ ।

*१८क. ट्रेडमार्कको प्रयोजनको लागि मालसामान र सेवाको वर्गीकरण : (१) कुनै मालसामान वा कुनै प्रकारको सेवासंग सम्वन्धित ट्रेडमार्क दर्ता गर्ने प्रयोजनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो मालसामान वा सेवाको वर्गिकरण गर्न सक्नेछ ।

(२) प्रत्येक वर्गमा परेका मालसामान वा सेवाको ट्रेडमार्क दर्ता गर्न छुट्टा छुट्टै दरखास्त दिनु पर्नेछ ।

* पहिलो संशोधनद्वारा थप ।



(३) उपदफा (१) बमोजिम एक वर्गमा परेका मालसामान वा सेवाको लागि दर्ता भएको ट्रेडमार्क कुनै अर्को वर्गमा परेको मालसामान वा सेवाको लागि पनि दर्ता गर्न सकिने छ ।

*१८ख. ट्रेडमार्क प्रयोग गर्न नपाईने : विभागमा दर्ता नगराई कुनै ट्रेडमार्क पनि रजिष्टर्ड ट्रेडमार्कको रुपमा प्रयोग गर्न पाइने छैन ।

*१८ग. ट्रेडमार्क प्रयोग गर्ने म्याद : विभागमा दर्ता भएको ट्रेडमार्क दर्ता भएको मितिले एक वर्षसम्म प्रयोगमा नल्याएमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो ट्रेडमार्कको दर्ता खारेज गर्न सक्नेछ ।

*१८घ. ट्रेडमार्कको अवधि : दफा २३ख बमोजिम नवीकरण गरिएको अवस्थामा बाहेक दफा १८ बमोजिम दर्ता भएको ट्रेडमार्कमा दर्ता भएको मितिले सात वर्षसम्म ट्रेडमार्कवालाको हक कायम हुनेछ ।

▲१९. गैर कानूनी तवरले ट्रेडमार्क प्रयोग गरेमा हुने सजाय : कसैले दफा १६ को उपदफा (२) उल्लंघन गरेमा वा दफा १८ को उपदफा (३) बमोजिम बदर भएको ट्रेडमार्क चलाएमा वा दफा १८ख उल्लंघन गरेमा विभागको आदेशले एकहजार रुपैयाँसम्म जरिवाना हुन सक्नेछ र सो कसूरसँग सम्बन्धित सबै मालसामान जफत हुनेछ ।

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
▲ पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद-५
## विविध

२०. वासिर मुकरर गर्न पाउने : यस ऐनबमोजिम आफूले गर्नुपर्ने कुनै काम कारवाही गर्नको निमित्त कुनै व्यक्तिले आफ्नो वारिस *वा कानून व्यवसायी मुकरर गर्न सक्नेछ र सो ▲वारिस वा कानून व्यवसायीद्वारा भएको सबै काम कारवाई निजले नै गरेको मानिनेछ ।

२१. ............................

*२१क. दर्ता भएको डिजायन र ट्रेडमार्क प्रकाशन गर्ने : (१) दफा १४ बमोजिम दर्ता भएको डिजायन र दफा १८ बमोजिम दर्ता भएको ट्रेडमार्क, त्यसको नवीकरण तथा दर्ता बदर सम्बन्धी विवरण विभागले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित विवरण उपर कसैको विरोध भएमा त्यस्तो व्यक्तिले उक्त विवरण प्रकाशित भएको मितिले पैतीस दिनभित्र विभागमा उजूरी दिन सक्नेछ । त्यसरी परेको उजूरी उपर विभागले जाँचबुझ गरी आवश्यक कारवाही गर्नुपर्नेछ ।

*२१ख. नेपालमा दर्ता नगरी हक कायम नहुने : विदेशमा दर्ता गरिएको ट्रेडमार्क, डिजायन र ट्रेडमार्क सम्बन्धित व्यक्तिले नेपालमा दर्ता नगराई त्यस्तो पेटेण्ट, डिजायन र ट्रेडमार्कमा निजको नेपालमा हक कायम हुने छैन ।

* पहिलो संशोधनद्वारा थप ।
▲ पहिलो संशोधनद्वारा संशोधित ।
पहिलो संशोधनद्वारा खारेज ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।



*२१ग. विदेशी पेटेण्ट, डिजायन र ट्रेडमार्कको दर्ता : विदेशमा दर्ता भएको पेटेण्ट, डिजायन र ट्रेडमार्कको प्रमाणपत्र साथै राखी दर्ताको लागि विभागमा निवेदन दिएमा विभागले त्यस्तो पेटेण्ट, डिजायन र ट्रेडमार्क सम्बन्धमा जाँचबुझ नगरीकनै पनि दर्ता गर्न सक्नेछ ।

*२१घ. डिजायन र ट्रेडमार्क प्रयोग गर्न दिन सकिने : (१) कसैले विभागमा दर्ता गराएको डिजायन वा ट्रेडमार्क अरु कुनै व्यक्तिलाई प्रयोग गर्न दिन चाहेमा तोकिएबमोजिम दस्तुर सहित त्यस्तो डिजायनवाला वा ट्रेडमार्कवाला र त्यसतो डिजायन वा ट्रेडमार्क प्रयोग गर्न चाहने व्यक्ति दुवैले सो कुरा जनाई संयुक्त रुपमा विभागमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा विभागले त्यस्तो डिजायन वा ट्रेडमार्क अर्को व्यक्तिलाई प्रयोग गर्ने स्वीकृति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम विभागले डिजायन वा ट्रेडमार्क प्रयोग गर्ने स्वीकृति दिएमा डिजायन वा ट्रेडमार्कले प्रयोग गर्न पाउने व्यक्तिको नाममा त्यस्तो डिजायन वा ट्रेडमार्कको धनीको नामसारी गरिदिनु पर्नेछ ।

२२. विभागले दर्ता किताब खडा गर्ने : यस ऐनबमोजिम दर्ता भएको र दर्ता बदर भएको समेत देखिने गरी विभागले पेटेण्ट, डिजायन र ट्रेडमार्कका सम्बन्धमा छुट्टा छुट्टै किताब खडा गर्नुपर्छ ।

•२३. विदेशमा दर्ता भैसकेको पेटेण्ट, डिजायन र ट्रेडमार्कको दरखास्त, दर्ता र नवीकरण : (१) दफा ४, ७, १३, १४, १७ र १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशमा दर्ता भइसकेको कुनै पेटेण्ट, डिजायन र ट्रेडमार्क यस ऐनबमोजिम दर्ता गर्दा गराउँदा अनुसूची-३ मा लेखिएको

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
• पहिलो संशोधनद्वारा संशोधित ।

दरखास्त र दर्ता दस्तुरको दोब्बर दस्तुर प्रचलित सटही दरले हुने परिवर्त्य विदेशी मुद्रामा लिइनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता भएको पेटेण्ट, डिजायन र ट्रेडमार्कको नवीकरण गदाउँदा अनुसूची-३ मा तोकिएको नवीकरण दस्तुरको दोब्बर दस्तुर प्रचलित सटही दरले हुने परिवर्त्य विदेशी मुद्रामा लिइनेछ ।

+२३क. नेपालमा दर्ता नगराई विदेशमा दर्ता गर्न नहुने : (१) नेपालमा उत्पादन गरेको माल वस्तुको पेटेण्ट, डिजायन र ट्रेडमार्क नेपालमा दर्ता नगरी विदेशमा दर्ता गर्न पाइने छैन ।

(२) कसैले उपदफा (१) उल्लंघन गरी विदेशमा पेटेण्ट, डिजायन र ट्रेडमार्क दर्ता गरिएमा विभागको आदेशले निजलाई पाँच हजार रुपैयाँसम्म जरिवाना हुनेछ र सो पेटेण्ट, डिजायन वा ट्रेडमार्क अनुसार उत्पादन गरिएका सबै सामानहरु जफत हुनेछन् ।

+२३ख. पेटेण्ट, डिजायन र ट्रेडमार्क नवीकरण गराउने कार्यविधि : (१) दफा ८, दफा १४क र दफा १८घ बमोजिम पेटेण्टवाला, डिजायनवाला र ट्रेडमार्कवालाले पेटेण्ट, डिजायन र ट्रेडमार्क प्रयोग गर्न पाउने अवधि समाप्त भएको मितिले पैतीस दिनभित्र क्रमशः अनुसूची-२ (घ), २ (ङ) र २ (च) बमोजिमको ढाँचामा दरखास्त दिई अनुसूची-३ बमोजिमको दस्तुर तिरी त्यसको नवीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराउने म्याद नाघेको मिति ६ महीनासम्म एकसय रुपैयाँ जरिवाना तिरी नवीकरण गराउन सकिनेछ । सो म्यादभित्र पनि नवीकरण नगराइएमा पेटेण्ट, डिजायन र ट्रेडमार्कको दर्ता स्वतः खारेज हुनेछ ।

+ पहिलो संशोधनद्वारा थप ।

+ पहिलो संशोधनद्वारा थप ।



(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पेटेण्टको हकमा सात-सात वर्षको पटक कायम गरी दुई पटकसम्म, डिजायनको हकमा पाँच-पाँच वर्षको पटक कायम गरी दुई पटकसम्म र ट्रेडमार्कको हकमा सात-सात वर्षको पटक कायम गरी जति पटक पनि नवीकरण गराउन सकिनेछ ।

२४. प्रमाणपत्रको नक्कल : पेटेण्ट, डिजायन वा ट्रेडमार्कको दर्ताको प्रमाणपत्र हराएमा ☮तोकिएबमोजिमको रुपैयाँ दस्तुर तिरी विभागबाट प्रमाणपत्रको नक्कल लिन पाइनेछ ।

२५. हर्जाना : यस ऐनबमोजिम दर्ता भएको कुनै पेटेण्ट डिजायन वा ट्रेडमार्कको सम्बन्धमा कसैले यस ऐनको उल्लंघन गरेबाट पेटेण्ट डिजायन वा ट्रेडमार्कको दर्तावालाले वास्तविक रुपमा सहनु परेको नोक्सानीको उचित रकम सो उल्लंघन गर्ने व्यक्तिबाट दर्तावालालाई विभागले हर्जानाको रुपमा भराई दिन सक्नेछ ।

२६. यसै ऐन अन्तर्गत दर्ता भएको मानिने : यो ऐन लागू हुनु अघि १९९३ सालमा जारी भएको पेटेण्ट, डिजायन र ट्रेडमार्क कानून बमोजिम दर्ता भएको पेटेण्ट, डिजायन र ट्रेडमार्कहरु यो ऐन लागू भएको मितिदेखि यसै ऐनबमोजिम दर्ता भएको मानिनेछन् ।

✸२६क. दस्तुरमा हेरफेर गर्न सकिने : श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची-३ मा तोकिएको दस्तुरमा हेरफेर गर्न सक्नेछ ।

२७. पुनरावेदन लाग्न सक्ने : यस ऐनबमोजिम विभागको आदेशमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र ○पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

☮ पहिलो संशोधनद्वारा संशोधित ।

✸ पहिलो संशोधनद्वारा थप ।

२८. <u>खारेजी :</u> सम्बत १९९३ सालमा जारी भएको पेटेण्ट, डिजायन र ट्रेडमार्क कानून खारेज गरिएकोछ ।

○ न्याय प्रशासन ऐन, २०४८ द्वारा संशोधित ।



^अनुसूची-१ (क)

<u>पेटेण्ट दर्ताको निमित्त दिइने दरखास्तको ढाँचा</u>

श्री .............................

................................

म । हामी ........................................ को आविष्कारक भएकोले सो वस्तुसम्बन्धी सिद्धान्त, फर्मुला र सम्पूर्ण विवरण सहितको नक्शा तथा रेखाङ्कन र दरखास्त दस्तुर संलग्न राखी पेटेण्ट दर्ताको लागि दरखास्त दिएको छु । दिएका छौं । मेरो । हाम्रो नाममा पेटेण्ट दर्ता गरी सोको प्रमाणपत्र दिनु हुन अनुरोध गर्दछु । गर्दछौं ।

साक्षी :- १................................. दरखास्तवालाको सही ....................

२................................ ठेगाना :-

मिति :-

^ पहिलो संशोधनद्वारा संशोधित ।

## ^अनुसूची-१ (ख)
## डिजायन दर्ताको निमित्त दिइने दरखास्तको ढाँचा

श्री ...............................
...............................

मैले । हामीले यसैसाथ संलग्न नमूना बमोजिमको .................................. बनाएकोले । बनाउन लगाएकोले सो डिजायनको सम्पूर्ण विवरण सहितको नक्सा तथा रेखाङ्कन र चार प्रति नमूना र दरखास्त दस्तुर संलग्न राखी डिजायन दर्ताको लागि दरखास्त दिएको छु । दिएका छौं । मेरो । हाम्रो नाममा डिजायन दर्ता गरी सोको प्रमाणपत्र दिनु हुन अनुरोध गर्दछु । गर्दछौं ।

साक्षी :- १................................ दरखास्तवालाको सही .....................
२............................... ठेगाना :-
मिति :-

^ पहिलो संशोधनद्वारा संशोधित ।



## ^अनुसूची-१ (ग)
## ट्रेडमार्क दर्ताको निमित्त दिइने दरखास्तको ढाँचा

श्री ...............................
...............................

मैले । हामीले यसैसाथ संलग्न नमूनाको ट्रेडमार्कमा ............................... लगाउने भएकोले । लगाई राखेकोले सो को चार प्रति र दरखास्त दस्तुर संलग्न राखी ट्रेडमार्क दर्ताको लागि दरखास्त दिएको छु । दिएका छौं । मेरो । हाम्रो नाममा ट्रेडमार्क दर्ता गरी सोको प्रमाणपत्र दिनु हुन अनुरोध गर्दछु । गर्दछौं ।

साक्षी :- १................................ दरखास्तवालाको सही .....................
२............................... ठेगाना :-
मिति :-

^ पहिलो संशोधनद्वारा संशोधित ।

^ अनुसूची-२ (क)

पेटेण्ट दर्ताको प्रमाणपत्रको ढाँचा

श्री ५ को सरकार

..................... मन्त्रालय

........................ विभाग

प्रमाणपत्र संख्या :- मिति :-

पेटेण्ट दर्ताको प्रमाणपत्र

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा ७ बमोजिम ............................ ................................ ले आविष्कार गरेको ............................. को पेटेण्ट दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

.......................

महा-निर्देशक

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|
| | | |

^ पहिलो संशोधनद्वारा संशोधित ।



^ अनुसूची-२ (ख)

डिजायन दर्ताको प्रमाणपत्रको ढाँचा

श्री ५ को सरकार

..................... मन्त्रालय

........................ विभाग

प्रमाणपत्र संख्या :- मिति :-

डिजायन दर्ताको प्रमाणपत्र

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १४ बमोजिम ........................... ................................ ले बनाएको । बनाउन लगाएको ............................ को डिजायन दर्ता गरी यो प्रमाणपत्र दिइएको छ।

.......................

महा-निर्देशक

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|
| | | |

^ पहिलो संशोधनद्वारा संशोधित ।

^अनुसूची-२ (ग)

## ट्रेडमार्क दर्ताको प्रमाणपत्रको ढाँचा

श्री ५ को सरकार
..................... मन्त्रालय
........................ विभाग

प्रमाणपत्र संख्या :-                                        मिति :-

### ट्रेडमार्क दर्ता प्रमाणपत्र

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ को दफा १८ बमोजिम ............................ ................................ ले ............................. मा लगाई राखेको । लगाउने भएको ट्रेडमार्क दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

.......................
महा-निर्देशक

| नवीकरण गरेको मिति | नवीकरणको म्याद समाप्त हुने मिति | नवीकरण गर्ने अधिकारीको सहिछाप |
|---|---|---|
| | | |

^ पहिलो संशोधनद्वारा संशोधित ।



•अनुसूची-२ (घ)

## पेटेण्ट नवीकरणको निमित्त दिइने दरखास्तको ढाँचा

श्री .......................
.........................

मैले । हामीले मिति ........................... मा दर्ता गरेको .................................. को पेटेण्टको दर्ता अवधि समाप्त भएकोले नवीकरण बापत लाग्ने दस्तुर संलग्न छ । नवीकरण गरी दिनु हुन अनुरोध गर्दछु । गर्दछौं ।

दरखास्तवालाको सही ..................
ठेगाना :-
मिति :-

• पहिलो संशोधनद्वारा थप ।

•अनुसूची-२ (ङ)
डिजायन नवीकरणको निमित्त दिइने दरखास्तको ढाँचा

श्री .......................
..........................

मैले । हामीले मिति ......................... मा दर्ता गरेको .............................. को डिजायनको दर्ता अवधि समाप्त भएकोले नवीकरण बापत लाग्ने दस्तुर संलग्न छ। नवीकरण गरी दिनु हुन अनुरोध गर्दछु। गर्दछौं।

दरखास्तवालाको सही ..................
ठेगाना :-
मिति :-

• पहिलो संशोधनद्वारा थप।



•अनुसूची-२ (च)
ट्रेडमार्क नवीकरणको निमित्त दिइने दरखास्तको ढाँचा

श्री .......................
..........................

मैले । हामीले मिति ......................... मा दर्ता गरी .............................. मा लगाई राखेको ट्रेडमार्कको दर्ता अवधि समाप्त भएकोले नवीकरण बापत लाग्ने दस्तुर संलग्न छ। नवीकरण गरी दिनु हुन अनुरोध गर्दछु। गर्दछौं।

दरखास्तवालाको सही ..................
ठेगाना :-
मिति :-

• पहिलो संशोधनद्वारा थप।